नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
सिंहदरबार, काठमाडौं ।

फोन नं. ०१४२००३३१

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं. २०७५/०७६
च.न. ६६

मिति २०७५/०९/२४

**विषयः- सहजीकरण गरिदिने सम्वन्धमा ।**

**श्री जिल्ला समन्वय समिति, सवै ।**
**श्री महानगरपालिका, सवै ।**
**श्री उपमहानगरपालिका, सवै ।**
**श्री नगरपालिका, सवै ।**
**श्री गाउँपालिका, सवै ।**

राष्ट्रिय महिला आयोगको च.नं. ८९८ मिति २०७५/९/१७ को पत्र संलग्न छ । व्यहोरा सोहीपत्रबाट अवगत गर्नुभई संघीय संसद प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिको मिति २०७५/९/९ गतेको बैठकद्वारा दिइएको निर्देशन कार्यान्वयनको लागि सहजीकरण हुन आदेशानुसार अनुरोध छ ।

२०७५/९/२४

**(आनन्दराम विष्ट)**
**शाखा अधिकृत**

**वोधार्थः**
**१. श्री राष्ट्रिय महिला आयोग,**
**भद्रकालीप्लाजा, काठमाडौं ।**
**२ श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः यस मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनु हुनं**

# राष्ट्रिय महिला आयोग
## National Women Commission
भद्रकालीप्लाजा, काठमाडौं

Phone:+977-1-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http:// www.nwc.gov.np


प.सं. २०७५।०७६
च.नं. ८९८

मितिः २०७५।९।१७

श्री संघीय मामिला तथा सामान्य प्रशासनस मन्त्रालय
सिंहदरवार ।

दर्ता नं.:- ११६६३
मिति:- ०७५।९।२२

विषयः जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा संघीय संसद प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिको मिति २०७५।९।९ गतेको बैठकद्वारा देहाय बमोजिमको निर्देशन प्राप्त भएकोले उक्त निर्देशनलाई कार्यान्वयन सवै स्थानीय तहबाट समेत गर्नुपर्ने हुँदा त्यस मन्त्रालयबाट जि.स.स. र स्थानीय तहमा देहाय वमोजिक हुन आवश्यक व्यवस्थाका लागि हुन आदेशानुसार अनुरोध गर्दछु।

१. स्थानीय तहमा:-

क. स्थानीय तहबाट महिला हिंसा नियन्त्रण गर्न सार्वजनिक सुनुवाई, विद्यालयमूखी प्रशिक्षण, पाठ्यक्रममा त्यसलाई समावेश गर्न पहल लगायतको उपाय अवलम्बन गरी सवै प्रकारका लैङ्गिक हिंसालाई नियन्त्रण गर्न तत्काल व्यवस्था गर्न उपयुक्त भएको व्यहोरा अनुरोध गरिएको छ ।

ख. स्थानीय तहमा महिला इकाई गठन गरी, प्राप्त बजेटलाई सरोकारवालासंग अन्तर्कृया गरी आवश्यक्ताका आधारमा लैङ्गिक बजेटको व्यवस्था गर्न/गराउन प्रभावकारी हुने देखिएकोले सुझाव पठाईएको छ।

ग. न्यायिक समितिको गठन, सञ्चालन, व्यवस्थापनतर्फ स्थानीय तहको प्रमुखज्यू लगायत सवैबाट यथाशिघ्र व्यवस्था गरी घरेलु/महिला हिंसा बारे सुनुवाई गर्न/गराउन कानूनी व्यवस्थाको अवलम्बन गर्न हुन सुझाव दिईएको छ।

९।१७

युवराज सुवेदी
सहसचिव